## सबैले मान्ने व्यक्तिहरुलाई एनआरएनको नेतृत्व सुम्पनु पर्छ

डा. हेमराज शर्मा/उपप्रध्यापक, लिभरपुल युनिभरसिटि, बेलायत

(फ्रिनेपाल डट कम, २००७ अक्टोवर ३
http://www.freenepal.com/newface/article.php?WTJGMFBXbHVkR1Z5ZG1sbGR5WnBaRDAwT1RNNA==)

डा. हेमराज शर्मा एनआरएन अभियानका बारेमा गहिरो चासो राख्ने व्यक्तित्वमध्येका थोरैभित्र पर्नुहुन्छ । बेलायतस्थित लिभरपुल युनिभर्सिटीमा उपप्राध्यापक शर्माले एनआरएन अभियान, यसको विगत, वर्तमान र भविष्यका बारेमा धेरै खोजमूलक आलेखहरु तयार पारिसक्नु भएको छ। त्यसो त डा. शर्मा जापानमा रहनु हुँदा एनआरएन जापानको राष्ट्रिय संयोजकसमेत रहिसक्नु भएको छ।

यही १५ देखि १७ अक्टोबरसम्म राजधानीमा हुन गइरहेको गैरआवासीय नेपाली संघ (एनआरएन) को तेस्रो विश्व सम्मेलनको विगतका भन्दा निकै फरक हुने मान्यता राख्नु हुने डा. शर्मा एनआरएन अभियानमा केही सुधारका पाइला चाल्नु आवश्यक रहेको बताउनुहुन्छ । एनआरएन सबै प्रवासी नेपालीको साझा संस्था बन्नुपर्ने उल्लेख गर्दै उहाँले तेस्रो विश्व सम्मेलनको सन्दर्भमा एफएन न्युजसँग कुरा गर्दै तेस्रो विश्व सम्मेलनबाट विवादास्पद छवि भएका व्यक्तिहरुलाई नेतृत्व सुम्पन नहुनेमा जोड दिनुभयो । प्रस्तुत छ, एनआरएन तेस्रो विश्व सम्मेलनलाई केन्द्रविन्दु बनाएर डा. शर्मासँग गरिएको कुराकानीको केही अंशः सम्पादक

### नेतृत्वमा नरहेर पनि एनआरएन अभियानलाई नजिकबाट हेर्नु हुन्छ नि?

एनआरएन अभियान विस्तारै-विस्तारै आम प्रवासी नेपालीहरुको चासोको बिषय हुदै गएकोछ। यसमा म अपवादमा पर्ने कुरा भएन। यसमा पनि विगतमा राष्ट्रिय समितिको नेतृत्व तहमा रहेर  सकृयरुपमा काम गरेकोले तथा एनआरएनका अभियानको मुल उद्देश्यसँग सिद्दान्तत: सहमत भएकोले यसमा चासो हुनुलाई अस्वभाविक ठान्नु हुँदैन। नेतृत्वमा रहनका लागि वा नेतृत्वमा रहेर मात्र चासो राख्नुपर्छ भन्ने सोच गलत हो जस्तो लाग्छ।

### नजिकिदै गएको तेश्रो बिश्व कस्तो होला जस्तो लाग्छ?

विगतका सम्मेलनभन्दा तेश्रो बिश्व सम्मेलन बढी उत्साहपूर्ण हुने देखिन्छ। यसका पछाडी विविध कारणहरु छन। पहिलो, सम्मेलनको मुखमा आएर हालै ब्यबस्थापिका संसदले प्रवासमा बस्ने नेपालीहरुलाई कानुनीरुपमा मान्यता दिएको, संस्था दर्ता गर्ने बाटो खुलाएको र पूँजी लगानीका लागि केही हदसम्म वातावरण खुकुलो पारेकोले प्रवासी नेपालीहरुमा उत्साह छाएको छ भने एनआरएन नेतृत्व वर्गले पनि आँफुले केही उपलब्धी प्राप्त गरेको महसुस गरेकोछ। दोश्रो, अहिले एनआरएनका राष्ट्रिय समितिहरु पानि निकै सकृय छन र आ-आफ्नो देशमा भएका नेपालीहरुको समस्या र अनुभवहरु एक अर्कामा बाढ्न आतुर  देखिन्छन। तेश्रो, यस सम्मेलनमा सहभागी संख्या विगतको भन्दा बढी हुने देखिन्छ। खासगरी, दशकको युद्दरत अवस्था पछि पहिलो पटक सहजरुपमा दशै मान्न पाउने वातावरण सृजना भएको र दशै पश्चात हुने संविधानसभा (यधपी यस प्रति आशंका बढ्दै गएकोछ) मा भाग लिन धेरै नेपाली देश फर्कने तयारीमा छन। चौथो, वर्तमान अध्यक्षले अर्को पटक नेतृत्व नलिने घोषणा गरेकोले नयाँ नेतृत्व छान्न र छानिन खोज्नेहरुलाई बढी उत्साह थपेकोछ।

### सम्मेलन के कुरामा केन्द्रित होस भन्ने चाहनु हुन्छ?

गत वर्षको भन्दा यो सम्मेलनको फोकस फरक हुनुपर्छ भन्नेमा दुईमत नरहला। सम्मेलन चार वर्षको अभियानलाई समिक्षा गर्दै एनआरएनको आगामी बाटोको स्पष्ट खाका तयार पार्न केन्द्रित हुनुपर्छ। हालै ब्यबस्थापिका संसदले पारित गरेको संबैधानीक ब्यबस्थालाई सदुपयोग गर्दै एनआरएनलाई एउटा कानुनी संस्थाको रुपमा बिकसित गर्न संस्थाका पुर्वाधारहरु खडा गर्नुपर्छ। हामीले दाबी गर्दै आएजस्तो सम्पूर्ण प्रवासी नेपालीहरुको साझा संस्था हो भन्ने कानुनी र ब्यबहारिक आधारहरुको निर्माण हुनु पर्छ। यी बाहेक हामी बिच रहेका नीतिगत दुविधाहरुको पनि निराकरण हुनु पर्छ। साथमा संस्थालाई आर्थिक हिसाबले आफैमा मा निर्भर रहने उपायहरुको खोजी हुनु पर्छ।

**नीतिगत दुविधा भन्नाले?**

एनआरएनको स्थापना नेपालमा पूँजी भित्र्याउने उद्देश्यका साथ भए पनि पछिल्ला दिनहरुमा यो संस्था एउटा सामाजिक संस्थाको रुपमा बिकशित हुदै गएकोछ। साथै आम प्रवासी नेपालीहरुले एनआरएनलाई आफ्ना हकहितमा आवाज उठाउने युनियनको रुपमा हेर्न थालेका छन। हाम्रो उद्देश्यको दायरा यति धैरै फराकिलो हुन सक्छ वा सक्दैन, हामी यसको लागि तयारी छौ वा छैनौ यस्ता कुराहरुमा हामी स्पष्ट हुनुपर्छ।

**वर्तमान अध्यक्ष पुन: नेतृत्व नबस्ने कुरा सार्वजनिक भएकोछ। यसमा तपाईको प्रतिकृया के छ?**

एनआरएन अभियानलाई यहाँसम्म ल्याउन वर्तमान अध्यक्षको कति महत्वपूर्ण भुमिका छ भन्ने कुरा दोहोराई रहनु पर्दैन। नेतृत्वको लागि आवश्यक पर्ने कुराहरु, दृष्टिकोण, ईच्छाशक्ती, समय, र धन, कुनै पनि कुराको कमी थिएन उहाँमा। उहाँको हाराहारीको बैकल्पिक नेतृत्व तयार नभएको अहिलेको अबस्थामा उहाँको अनुपस्थितिले एनआरएन अभियान जुन गतिमा अहिले अगाडि बढेको छ त्यसरि नै अगाडि नबढ्लाकी भन्ने कुरा स्वभाविक रुपमा बाहिर आएको छ। यसमा म पनि सहमत छु। यसै कारणले उहाँलाई पुन: नेतृत्वमा बस्न सबैतिरबाट आग्रह भएको छ। मलाई पूर्ण बिश्वास छ उहाँले अभियानलाई अलपत्र छाढेर बाहिर जानु हुने छैन। उहाँको अगाडी दुईवटा बिकल्प छन: एक सबै प्रवासी नेपालीलाई मान्य हुने क्षमताबान बैकल्पिक नेतृत्वलाई अगाडी सार्नु, त्यो सँभव भएन भने दोश्रो बिकल्पको रुपमा उहाँले आफ्नो निर्णय प्रती पुनर्विचार गरेर पुन नेतृत्व लिने निर्णय गर्ने।

**यत्रो १५-१६ लाख नेपालीमा किन होला नेतृत्वको संकट?**

१५-१६ लाख नेपालीहरु मध्य सबै जना एनआरएन अभियानमा समाहित भएका छैनन। संगठित सदस्यको संख्यालई आधार मान्ने हो भने एक प्रतिशत भन्दा कम नेपालीहरु यस अभियानमा लागेका छन। लागेका मध्य पनि सबै सकृय छैनन। सकृय रहेका र क्षमतावान भएका मध्य कतिपयलाई नेतृत्व लिन नसक्ने आफ्नै किसिमको बाध्यता छ। वर्तमान र विगतमा नेतृत्वमा बसेका ३-४ जना अग्रजहरुले आफुँ नेतृत्व लिन तयार भएको बताईसक्नु भए पनि उहाँहरुप्रति सबै जना विस्वस्त हुन नसेकेको पाइन्छ। त्यसैले सरसरती हेर्दा बैकल्पिल नेतृत्व सृजना नभए जस्तो देखिएको छ। अध्यक्ष बाहेकका अन्य प्रमुख पदहरुमा पनि यस्तै अबस्था देखिन्छ। तर सम्मेलनको बेला संकट टर्ने कुरामा म आशाबादी छु।

**स्पष्ट बैकल्पिक नेतृत्व खडा हुन नसक्नुको पछाडी के कारण होलान?**

थुप्रै कारणहरु हुन सक्छन। विगत चार वर्षमा अभियानको जागरणको साथसाथमा नेतृत्व सृजना गर्ने पद्धतिको बिकास हुन सकेन। पुरै अभियान संस्थामा भन्दा मुलत वर्तमान अध्यक्षमा मात्र निर्भर वा केन्द्रित रह्यो। तल्लो तहमा उहाँलाई सहपाठीहरु एथेष्ट मात्रामा परिचालित हुन सक्नु भएन। प्रवासमा हुने बनभोजदेखि नेपाल सरकारसँग

हुने वार्तासम्म अध्यक्ष नै दौडिनु पर्ने अवस्था सृजना भयो। आपसी सद्भभाव खलबलिने डरले संस्थामा वैचारिक बहसले ठाउँ पाएन जसले गर्दा बिचारहरु कुण्ठीत भएर बसे। संस्थामा योगदान गरेको र क्षमताको सही मुल्याङकन गर्ने पद्धतिको बिकाश नभएकोले जसहरुले जुन पद दावी गरे पनि हुने वातावरण सृजना भयो। नेतृत्व लिनलाई धनी हुनु पर्ने कुरा स्थापित भयो। जसले गर्दा क्षमता र ईच्छा शक्ती भएकाहरु पनि आर्थिक कारणले खुम्चिनु परेकोछ। नेतृत्वको तल्लो तहमा बस्ने अधिकांशहरु अभियानको चिन्तन भन्दा मञ्च, मेडिया र (आफ्नै) मतलवमा बढी रुची राखेको देखिन्छ। पद्दति, विचार र चिन्तनको अभावमा नेतृत्व बिकास हुने सँभावन कम हुनु स्वभाविक नै हो। तर हामी संस्थाको बिकाशको प्रारम्भिक चरणमा भएकोले यी कुराहरुबाट निरास नै हुनु पर्ने देख्दिन।

**अबको नेतृत्व चयनका आधारहरु के हुनु पर्ला?**

एनआरएन अभियानको ईतिहासमा पहिलो पटन नेतृत्व परिवर्तन हुने संभावना भएकोले अहिलेको नेतृत्व परिवर्तन गर्ने आधारहरु भविष्यमा नजिरको रुपमा स्थापित हुन सक्छन। त्यसैले संस्थापन पक्षले नेतृत्व चयनका आधार बारे गम्भिर र खुला छलफल गर्नु पर्ने देखिन्छ। मेरो ब्यक्तिगत बिचारमा नेतृत्व चयनका आधारहरु (अध्यक्ष लगायतका अन्य पदमा)  यस्ता हुन सक्छन।

पहिलो, नेतृत्व लिन खोज्नेले एनआरएनको वर्तमान समस्या, चुनौती र आवश्यकतालाई भित्रैदेखि बुझेको र त्यसलाई पार गर्ने मौलिक दृष्टिकोण र कार्यक्रम दिन सक्ने पृष्टभुमी भएको हुनुपर्छ। आफ्नो ब्यक्तिगत महत्वकाक्षांले वा अरु ब्यक्ति या वर्ग बिशेषको स्वार्थबाट उत्प्रेरित भएर नेतृत्व लिन खोज्नेलाई अहिलेको स्थितिमा त्यति सहज हुने छैन, किनभने अबका उम्मेदबारहरुले खुलारुपमा बहस गरेर सम्मेलनका सहभागीहरुको मन जित्न पर्नेछ। दोश्रो, एनआरएनले कानुनी मान्यता पाईसेकेको अहिलेको अबस्थामामा अबका दिनहरुमा सरकारको बिश्वास लिएर काम गर्नु पर्ने हुन्छ। त्यसैले, नेपालको राजनैतिक परिवर्तनलाई आत्मसाथ गर्ने र राज्य संचालन कसरी हुन्छ भन्ने कुराको सामान्य ज्ञान नेतृत्वमा बस्नेको हुनुपर्छ। लोकतान्त्रिक पद्दतिको सम्मान गर्न नसक्ने वा विगतमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा लोकतान्त्रिक मान्यता बिरुद्द लागेका मानिसहरुले सरकारसँग सहकार्य गरी अगाडी बढ्न ब्यवधान हुन सक्छ। तेश्रो, प्रवासी नेपालीहरुले गौरव गर्ने खालको पृष्टभूमि भएको ब्यक्ति हुनु पर्छ। कुनै पनि किसिमले बिबादित पृष्टभुमि मानिसले स्थान लिन कोशिस गर्नु हुँदैन। चौथो, राष्ट्रिय र अन्तरराष्ट्रिय नेतृत्वमा रहेर सफल हुन नसकेकाहरुले स्वविवेकले पछि हटि दिएर सफलहरुलाई प्रोत्साहन  गर्नु पर्छ। पाचौ, एनआरएनको सञ्जाललाई उपयोग गरेर निजी स्वार्थमा प्रयोग गर्ने महत्वकांक्षा राखेकाहरुले स्थान पाउनु हुँदैन।

**निर्वाचन पद्धतिबाट भन्दा सहमतीबाट नेतृत्व चयन हुनु पर्छ भन्ने कुरा पनि अगाडी सरेकोछ। यसलाई कसरी हेर्नु भएकोछ?**

दुबै पद्धतिका आ-आफ्नै फाईदा र बेफाईदा हुन्छन। तर महत्वपूर्ण कुरा के हो भने कुन पद्धतिले एनआरएनको भविष्यलाई सही बाटोमा लैजान्छ त्यस तिर बिश्लेषण गर्नु पर्ने जरुरी हुन्छ। निर्वाचन भयो भने अहिले सम्म नेतृत्व तहमा बस्नेहरु बिच देखिएको एकता र सौहार्दपूर्ण वातावरण खलबलिन्छ भन्ने प्रश्न पनि आफ्नो ठाउँमा जाहेज देखिन्छ। तर सहमतीको नाममा अपारदर्शिरुपमा उम्मेदवारहरु वा कुनै वर्ग बिशेषको निहित स्वार्थले प्रेरित भएर हुने कोठे सम्झौता पनि अभियानको लागि घातक बन्न सक्छ। पारदर्शीरुपमा अभियानलाई हित हुने निर्णय लिन सक्नु नै अहिलेको उत्तम बाटो त्यही देखिन्छ। अहिलेको परिस्थितिमा निर्वाचन भयो भने बढि जटिलता थपिने देखिन्छ।

**किन प्रजातान्त्रिक अभ्यास हुनुमा नराम्रो हुन्छ र?**

अवश्य हुँदैन, यदि निर्वाचनला लागि सही पुर्वाधार बनेका छन भने। अहिलेको परिस्थिति कस्तो छ भने एनआरएन अभियानका आधार स्तम्बहरु ३७ राष्ट्रमा स्थापित राष्ट्रिय समितिहरु बनेका छन। तर यी राष्ट्रिय समितीलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा नेतृत्व चयनमा सहभागी गराउने ब्यबस्था एनआरएनको बिधानमा हुन सकेको छैन। अहिलेको अबस्थामा सम्पूर्ण देशहरुको समानुपातित प्रतिनिधित्व हुन नसक्ने भएकोले निश्चित देश र काठमाडौमा पुग्न सक्ने सिमित वर्गको नेतृत्व चयनमा बर्चस्व रहनेछ। त्यसैले अहिलेको निर्वाचनबाट आउने नेतृत्वले सम्पूर्ण प्रवासी नेपालीहरुको सही प्रतिनिधित्व गर्छ भन्ने आधार नहुन सक्छ। हाम्रो संस्थाका अन्य पुर्वाधारहरु पनि खडा नभएकाले अस्वस्थ्य किसिमले ग्रुप उपग्रुप खडा गर्ने र यसैको आधारमा सक्षम व्यक्तिहरु पाखा लाग्ने र असक्षमहरुको भिड बन्ने संभावना रहन सक्छ।

निर्वाचनलाई नै प्रभाव पार्ने किसिमले मानिसहरुलाई उपस्थिती गराइन्छ जस्तो लाग्छ र? त्यस्तो त लाग्दैन। तर हामीले सबै खालका संभावना बारे समयमा नै सोच्नु पर्छ। यती धैरै सचेत र शिक्षित वर्ग समाबेश हुने सम्मेलनमा विधानमा भएको कमजोरीलाई कसैले दुरुपयोग गर्ने चेष्टा गर्छ जस्तो लाग्दैन। गणितिय हिसाबले मात्र कसैले नेतृत्व लिन खोज्यो भने त्यस्तो नेतृत्वले प्रवासी नेपालीहरुको विश्वाश गुमाउनेछ। यसले गर्दा हामीले एनआरएनलाई आम प्रवासी नेपालीहरुको साझा संस्थाको रुपमा बिकसित गर्ने आधार गुमाउने छौ। एनआरएन अभियानलाई यस्तो गलत बाटोमा लैजाने काम हाम्रा अग्रजहरुबाट होला भन्ने मलाई विश्वास लाग्दैन।

**अन्त्यमा, तपाई आफुँ नेतृत्वमा आउने विचारमा हुनु हुन्छ कि?**

एनआरएनलाई अहिले बढि भन्दा बढी अनुभवी र सक्षम व्यक्तिको खाँचो छ। बिदेशमा बसेर लामो अनुभव संगालेका अग्रहहरुको थुप्रै हुनु हुन्छ। उहाँहरुले स्थान पाउनु पर्छ भन्ने मेरो मान्यता छ। हामी जस्ता दोश्रो पुस्ताका प्रवासी नेपालीहरु, जो आफ्नो करियरको बिकास गर्ने क्रममा छौ, ले अहिले बाहिरबाट नै सहयोग पुऱ्याउने उपयुक्त देख्दछु।